# स्थानीय तहको आर्थिक ऐन

## कटहरी गाउँपालिकाको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेकोऐन

**प्रस्तावनाः** कटहरी गाउँपालिकाको आर्थिक वर्ष २०७४/०७५ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम कटहरी गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७४" रहेको छ ।

(२) यो ऐन २०७४ साल अशोज १ गतेदेखि कटहरी गाउँपालिका क्षेत्रमा लागू हुनेछ । श्रावण १ गते देखि भाद्र मसान्त सम्म भएका अर्थ सम्बन्धि कार्यहरु यसै ऐन बमोजिम भएको मानिने छ । तर ओधौगिक तथा ब्यपारिक प्रतिष्ठानहरु र इटा भट्टाहरुले चालु आ .व.२०७४/०७५ को वार्षिक रुपमा बुझाउनु पर्ने कर दस्तुर शुल्क यो ऐन लागु हुनु भन्दा अगाडी नै बुझाएको भएमा यो ऐन बमोजिम वार्षिक रुपमा बझाउनु पर्ने कर दस्तुर शुल्क हिसाब गरि भुक्तानी भएको रकम कट्टा गरी बाँकी रकम असुल उपर गरिने छ ।

२. **सम्पति करः** गाउँपालिका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम एकिकृत सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

३. **भूमि कर (मालपोत):** गाउँपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४. **घर वहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि ( ३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५. **व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवा मा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. **उधोग दर्ता करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले प्रचलित कानूनले निषे ध गरिएको उधोग वाहेकका अन्य व्यवसायिक कारोवारको आधारमा उधोग दर्ता वापत अनुसूचि (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

७. **सवारी साधन करः** गाउँपालिका/नगरपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि ( ६) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. विज्ञापन करः गाउँपालिका/नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. **मनोरन्जन करः** गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि ( ८) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१०. हाटबटी कर : अनुसची-९ बमोजिम हाटबटी कर लिइने छ ।

११. **घरनक्शा पास दस्तुर** : गाउँपालिका भित्र निर्माण हुने घर नक्सा पास गरे वापत अनूसूचि १० मा उल्लिखित दस्तुर सेवाग्राहीबाट सोही बमोजिम असूल उपर गरिनेछ

१२. **सेवा शुल्क, दस्तुरः** गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि ११ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३. **कर छुटः**यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१४. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुने छ ।

# कर दस्तुरहरुको अनुसूचीहरु

***१.अनुसूचि-१ (घर जग्गा कर)***

कटहरी गा.पा.मा मौजुद रहेका उधोगहरुले नेपाल सरकारलाई घरजग्गाकर २०१९ अनुसार बुझाउनु पर्ने कर नेपाल सरकार मन्त्रिपरिषदको २०५७।०४।१२ को निर्णयले साविक कटहरी गा.वि.स.लाई हस्तातरण भै आएकोमा नियमित रुपमा सो कर उधोगहरुले नतिरेको देखिएकोले घरजग्गाकर भुक्तानी गर्न बाँकी रहेको अवधिलाई ३ ले भाग गरि आएको अंक लाई वर्ष मानेर चानचुन भए थप एक वर्ष मानि हालको दरमा कर लिने ।

## ***२.अनुसूची-२***

## ***मालपोत***

***अब देखि देहाय अनुसारको मालपोत वा भुमिकर लिइने छ ।***

(१).न्युनतम १ कठ्ठा वा ३३८।६३ वर्ग मिटर सम्मको रु.५०।

(२).१ कठ्ठा वा ३३८।६३ वर्ग मिटर भन्दा माथि १ विघा वा ६७७२।६० वर्ग मिटरको प्रति कठ्ठा वा ३३८।६३ वर्ग मिटर सम्मको थप रु.१५।

(३).१ विघा वा ६७७२।६० वर्ग मिटर देखि माथि २ विघा सम्म वा १३,५४५.२० वर्गमिटर प्रति कठ्ठा थप रु.२०।

(४).२ विघा सम्म वा १३,५४५.२० वर्गमिटर भन्दा माथि प्रति कठ्ठा वा ३३८.६३ वर्गमिटरको थप रु.२५।

(५).उधोगको नाममा दर्ता रहेको र ब्यवसाय संचालन भैरहेको जग्गामा प्रति कठ्ठा वा ३३८.६३ वर्ग मिटरको रु.८५ लिने छ ।

**मालपोत बक्यौतामा प्रति वर्ष १० प्रतिशत जरिवाना लिने ।**

## ३.अनुसूची-३

### बहाल कर

- कसैले घरबहालमा लगाएमा संघीय सरकारलाई तिर्नु पर्ने १० प्रतिशत बहाल करको अतिरिक्तको २ प्रतिशत बहालकर लगाइने छ ।

## ४.अनुसूची-४ (ब्यावसाय कर दस्तुर)

४.१

- किराना पसल साना रु.४००।
- किराना पसल ठुला रु.१,१००।
- चिया पसल रु.४००।
- पान पसल रु.४००।
- कटा धान खरिद बिक्री रु.१,१००।
- मदिरा पसल रु.२,०००।
- रेडियो/टि.भि. रु.१,१००।
- मासु पसल रु.७००।
- भुजा पसल रु.४००।
- फर्निचर उधोग रु.१,५००।
- ग्रिल वर्कशप रु.१,५००।
- रेडियो/टि.भी.रु.५००।
- सुनचाँदी पसल रु.११,०००।
- हार्डवेयर पसल रु.५,०००।
- काठ मिल रु.५,०००।
- मोटर साइकल ग्यारेज रु.११००।
- साइकल खरिद बिक्री पसल रु.११००।

माथि उल्लेखित बाहेक साना तिना पसल  रु.५००।

यस सम्बन्धमा अरु नयाँ पसल ब्यवसाय आएमा गाउँपालिका गाउँकार्यपालिले कर दस्तुर निर्धारण गरे बमोजिम हुने छ ।

४.२मदिरा पसलको ब्यवसायिक प्रमाण पत्र दिदा साँधसधियारको मन्जुरी लिएर मात्र दिने ।

- मदिरा पसलमा सिल बन्दी मदिरा बिक्री बेलुका ८.००बजे सम्म मात्र गर्न पाइने छ ।
- सार्वजानिक स्थलबाट २०० मिटर टाढा मात्र यस्ता पसल संचालनका लागी अनुमति दिइने छ ।

४.३ पेट्रोलपम्पहरुलाई वार्षिक रु.१०,०००। नविकरण शुल्क लिने ।

४.४ कटहरी गा.पा.मा रहेका उधोगहरुबाट वातावरणमा पर्न गएको असरलाई न्युनीकरण गर्दै उधोग र जनता विच सम्बन्ध र समन्वय स्थापना गर्ने खालका कार्यक्रम संचालन गर्न उधोगले वार्षिक गर्ने कारोवारलाई आधार मानि (वार्षिक ब्यलेन्स सिट) चिमनी भएका र चिमनी नभएको हकमा फरक फरक हुने गरी देहाय अनुसारको ब्यवासाय कर लगाईने छ ।

चिमनी हुने उधोगको हकमा वार्षिक कारोवारको ०.७५ प्रतिशत र चिमनी नभएको उधोगहरुको हकमा ०.५० प्रतितले कर लिने ।( ईट्टा भटाको हकमा लागु हुने छैन ।)

४.५ यस गाउँपालिका भित्र रहेको इट्टा भटाहरुले अत्यधिकरुपमा प्राकृतिक श्रोतका रुपमा रहेको माटो दोहन गर्नुका साथै इटा भट्टाको चिमनीबाट निस्केको धुवाँले आम नागरिकको स्वास्थ्यमा प्रतिकुल असर पारेको तथा इट्टा भट्टा बाट नियमित रुपमा अधिक भार सहितका इट्टा ढुवानी सवारी साधन संचालनमा रहने, ढुवानीका साधनहरुले सडक पुर्वाधारमा अधिक क्षति पुरयाएको हुनाले सवै इट्टा भटाहरुलाई प्रति इट्टा उत्पादनमा निम्न अनुसार व्यावसाय कर लगाउने ।

१. इटा उधोगको हकमा प्रति इट्टा ५० पैसा व्यवसाय कर लगाउने । यो कर निर्धारण गर्दा उत्पादन क्षमता (डग)का आधारमा ४ राउण्ड उत्पादन लाई न्युनतम उत्पादन मानी कर कायम गरिनेछ । यो नियम लागु भएको दुई महिना भित्र एक वर्षको एक मुष्ट रकम बुझाएमा १० प्रतिशत छुट दिइने छ । यस करबाट उठेको रकम मध्ये प्रति इट्टा ३० पैसाको हिसावले हुने रकम पुर्वाधार क्षेत्रमा लगानी गरिने छ । र २० पैसाको हिसावले हुने रकम वातावरण व्यवस्थापन क्षेत्रमा लगानी गरिने छ ।

४.६ कटहरी गा.पा.भित्र अव्यवस्थित रुपमा भै रहेको पलटिङ्गहरुलाई व्यवस्थित गर्न नेपाल सरकार संघीयमामिला तथा स्थानीय विकास मन्त्रालयबाट मिति २०७२ साल श्रावण २९ गते जारी भएको ***बस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभुत निर्माण मापदण्ड २०७२ (पहिलो संसोधन २०७३।१२।२८)*** लाई अनुमोदन गर्दै सो मापदण्डले व्यवस्था गरे बमोजिम अब देखि यस गाउँपालिका भित्र हुने सबै खाले पलटिङ्गहरु गाउँपालिकाको अनुमति लिएर मात्र गर्ने । अनुमति दिदा कुल जग्गाको क्षेत्रफललाई रजिष्ट्रेशन परियोजनका लागि कायम भएको मुल्यले गुणा गरि हुन आउने रकमको १ प्रतिशत व्यवसाय कर लिई अनुमति दिइने छ ।

## *५.अनुसूची-५*

### *उधोग दर्ता*

(क) ठुलो उधोग दर्ता सिफारिश दस्तुर रु.५०,०००।

(ठुलो उधोग भन्नाले उधोग विभाग/कम्पनी रजिष्टारको कार्यालयमा दर्ता भई अनुमतिका लागी आउने उधोगहरु र वातावरणीय अध्यन गरिने उधोगहरु यस अन्तर्गत पर्ने छन् ।)

(ख) मझौला उधोग दर्ता सिफारिश दस्तुर रु.३०,०००।

(मझौला उधोग भन्नाले कुटानी पिसानी बाहेकका उधोगहरु पर्दछन ।)

(ग) साना उधोग सिफारिश दस्तुर रु.२,०००।

(यस अन्तर्गत कुटानी पिसानी तथा साना कृषि जन्य उधोगहरु पर्दछन ।)

(घ)उधोग दर्ता वार्षिक नविकरण व्यवसायीक शुल्क उधोग दर्ता गर्दा लाग्ने शुल्कका ५० प्रतिशत लाग्ने छ ।

(ङ)उधोगको क्षमता बृद्दि सिफारिश गर्दा उधोग दर्ता गर्दा लाग्ने शुल्क सरह दस्तुर लाग्ने छ ।

## *६.अनुसूची-६ (सवारी साधन कर(वार्षिक)*

(क)ट्र्याक्टर रु.१,५००

(ख)बस रु.२,५००।

(ग)ट्रक रु.२,५००।

(घ)१५०० सि.सि.भन्दा कम क्षमताका ब्यक्तिगत सवारी साधन रु.१,१००।

(ङ)१५००सि.सि.देखि २५००सि.सि. क्षमता सम्मका ब्यक्तिगत सवारी साधन रु.२,१००।

(च)२५०० सि.सि.भन्दा माथि क्षमता भएका सवारी साधनहरु रु.३,१००।

## *७.अनुसूची-७ (विज्ञापन कर दस्तुर)*

(क)सार्वजानिक ठाउँमा राखेको होर्डिङ्गबोर्ड प्रति वर्ष प्रतिवर्ग फिट रु.१००।

(ख)निजी स्थानमा राखेको होर्डिङ्गबोर्ड प्रति वर्ष प्रतिवर्ग फिट रु.५०।

(ग) पोलमा राखिने होर्डिङ्गबोर्ड प्रति वर्ष रु.७५०।

(घ)ब्यानर प्रति हप्ता रु.२००।

## ८.अनुसूची-८ मनोरंजन कर (वार्षिक)

पिकनिक स्पोर्टहरु

(क)गोपाल गार्डेन,सम्झना गार्डेन लगायत अन्य स्थलमा वार्षिक मनोरंजन कर रु.१५,०००।

## ९.अनुसूची-९ (हटिया)

- ढाकिमा राखेर बेच्ने रु.१०।
- पसल राखेर बेच्ने रु.२५।
- ठेला गाडी रु.२५।
- कपडा पसल रु.५०।
- जुत्ताचप्पल पसल रु.५०।
- मसला पसल रु.२५।
- माछा पसल रु.५०।
- मासु कुखुरा पसल रु.५०।
- मासु खसि पसल रु.१००।
- मासु बंगुर पसल रु.१५०।
- कुखुरा र हाँस जिउदो खरिद विक्री प्रति गोटा रु.२०।
- परेवा जोडी जिउदो खरिद विक्री मा रु.१०।
- खसि, बोका,सुँगुर जिउदो खरिद विक्रीमा प्रति गोटा रु.१००।
- गाई, गोरु,भैंसीं जिउदो खरिद विक्रीमा प्रति गोटा रु.५००।

# १०.अनुसूची-१० घरनक्शा पास दस्तुर

घरनक्शापास तथा अभिलेखीकरण गर्ने कार्यलाई ब्यवस्थित बनाउदै सो कार्य सम्पादन गरेवापत देहाय अनुसारको शुल्क लिने ।

(क) घरनक्शा पास दरखास्त फारम बापत उधोग,तथा ब्यापारिक प्रतिष्ठानका लागी रु.५,०००।

(ख) ब्यक्तिगत आवासीय भवनका लागी दरखास्त फारम दस्तुर रु.५००।

(ग) आवासीय नयाँघर नक्शा पास प्रति वर्ग फिट रु.२।

(घ) आवासीय पुरानो घर नक्शा अभिलेखीकरण दस्तुर प्रति वर्ग फिट रु.२।

- उधोग तथा ब्यवसायीक भवनको घरनक्शा पास पिलर तथा छाना टिन/फलामबाट निर्मित भवनको प्रति वर्ग फिट रु.५।
- ईट्टाको गारो टिनको छाना भएको भवनको नक्शा पास दस्तुर प्रतिवर्ग फिट रु.६।
- फ्रेम स्टक्चर सम्पुर्ण ढलाई भएको  भवनको घरनक्शा पास दस्तुर प्रतिवर्ग फिट रु.७।
- घरनक्शा नामसारी गर्दा तत्कालिन अवस्थामा नक्शा पास गर्दा प्रतिवर्ग फिट लाग्ने दस्तुरको ५० प्रतिशत नामसारी शुल्क लाग्ने छ । तर यसरी निर्धारण गर्दा रु.५००। भन्दा कम शुल्क लाग्ने भएमा न्युनतम शुल्क रु.५००। लाग्ने छ ।
- औधिगिक तथा ब्यापारिक प्रतिष्ठानका पुर्वनिर्मित भवनहरुको अभिलेखीकरण कार्य गर्दा लिइने शुल्क घरनक्शापास शुल्क सरह हुनेछ ।

## ११.अनुसूची-११ दस्तुर

### *घरबाटो सिफारिस*

(क) घरबाटो सिफारिस गर्दा कारोबार हुने जग्गाको क्षेत्रफलको आधारमा रजिष्ट्रेशन प्रयोजनका लागी कायम भएको मुल्यले गुणा गरी आउने रकमको ०.२५ प्रतिशत दस्तुर लिने । यसरी हिसाब गर्दा न्युनतम रु.२५०। भन्दा कम हुने छैन ।

(ख) एकाघरभित्रको अंशवण्डा तथा बकशपत्र हुने भएमा घरबाटो सिफारिश वापत तिरेको रकममा रु.२६०। कटाई बाँकी रकम फिर्ता दिइने छ । र यसरी रकम फिर्ता लिदा निवेदनका साथ रकम बुझाएको रसिद र अंशवण्डा वा बकस दिएको मालपोतको कागज पेश गर्नु पर्ने छ ।

### *चार किल्ला प्रमाणित सिफारिश दस्तुर (प्रति कित्ता)*

(क) रंगेली रोड छोएको जग्गाको एक कट्ठा सम्म रु.५१०। एक कट्ठा देखि १० कट्ठा सम्म रु.१,०००। र सो भन्दा माथि रु.२,०००।

(ख) ग्राभेल सडकले छोएको जग्गाको एक कट्ठा रु.३१०। एक कट्ठा देखि १० कट्ठ सम्म रु.५१०। र सो भन्दा रु.१,०००।

(ग)कच्ची सडकले छोएको जग्गाको एक कट्ठा सम्म रु.२५०। एक कट्ठा देखि १० कट्ठ सम्म रु.३५०। र सो भन्दा माथि रु.५००।

(घ)खेती योग्य जग्गाको एक कट्ठा सम्म रु.२१०। एक कट्ठा देखि १० कट्ठ सम्म रु.२५०। र सो भन्दा माथि रु.४००।

### *जग्गा नामसारी दस्तुर*

- ५ कट्ठा सम्म रु.२६०।
- ५ कट्ठा भन्दा माथि रु.५१०।

### *मोहि नामसारी तथा लगतट्टा दस्तुर*

- ५ कट्ठा सम्म रु.५१०।
- ५कट्ठा देखि १ विघा सम्म रु.११००।
- १ विघा देखि माथि रु.१५००।

### *नागरिकता सिफारिश दस्तुर रु.१००।*

**सधारण सिफारिश दस्तुर** (जस्तै : आदिवासी/जनजाती,दलित,पिछडा, अल्पसंखयक प्रमाणित सिफारिश) रु.१००।

- *नाता प्रमाणित दस्तुर रु.२५०।*
- *अचल सम्पति प्रमाणित सिफारिश प्रति हजार ०.२५ प्रतिशत ।*
- *आय श्रोत प्रमाणित सिफारिश प्रति हजार ०.३५ प्रतिशत ।*
- *रुख कटान*
- (क) प्रति ट्रायक्टर रु.५००।
- (ख) प्रति ट्रक रु.१,५००।

**१२.कर छुट : यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका ब्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।**